# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## सिंहदरवार, काठमाण्डौ ।

**रासायनिक मल पैठारी सम्बन्धमा स्वतन्त्र सर्भेयरको सूची अध्यावधिक गर्ने सिलसिलामा सर्भेयरको मान्यता प्राप्त गर्नको लागि आवेदन गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/...)

रासायनिक मलको नियमनको लागि नेपाल सरकारले जारी गरेको रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (संशोधन सहित) बमोजिम नेपालभित्र पैठारी गरिने रासायनिक मलको परिमाण, गुणस्तर, प्याकेजिङ्ग र लेबेलिङ्गबारे उक्त आदेश बमोजिम भए नभएको सम्बन्धमा स्वतन्त्र सर्भेयरको हैसियतमा रासायनिक मलको गुणस्तर सम्बन्धी सर्भेक्षण गरी प्रमाणित गर्ने अख्तियारीको मान्यता पाउनको लागि देहायका योग्यता पुगेका संस्थाहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र मन्त्रालयसमक्ष आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, यस अघि सूचीकृत भईसकेका संस्थाहरु समेत प्रत्येक वर्ष पुन सूचिकृत हुन अनिवार्य आवेदन पेश गर्नु पर्नेछ ।

### सर्भेयरको मान्यताका लागि तोकिएका योग्यताहरु:

१. संस्थाले सम्पादन गर्ने मुख्य कामहरुका हकमा रासायनिक मल, प्रांगारिक मल, जैविक मल एवम् यस प्रकारका मल उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सुक्ष्म तत्वहरु सम्बन्धी अध्ययन/अनुसन्धान तथा परीक्षण लगायतका कार्य।

२. उपरोक्त बमोजिमको सर्भेक्षण कार्यको लागि आवेदक संस्थासँग सक्षम जनशक्ति (कम्तीमा कृषिमा स्नातक वा रसायनशास्त्रमा स्नाकोत्तर उर्तीण भएको) उपलब्ध हुनुपर्ने ।

३. सर्भेक्षण कार्यको लागि Nepal Lab Accreditation Scheme (NEPLAS) बाट सम्वद्धता (Accreditation) प्राप्त प्रयोगशाला सुविधा आवेदक संस्था स्वयंसँग उपलब्ध हुनुपर्ने ।

### निवेदनसाथ संलग्न गरिनुपर्ने कागजातहरु:

१. संस्था दर्ता/ स्थापना प्रमाण पत्रको प्रतिलिपि।

२. गत आ.व.को आयकर चुक्ता गरेको प्रमाणपत्र वा निस्साको प्रमाणित प्रतिलिपी ।

३. उल्लेखित योग्यता खुल्ने कागजात एवम् विवरणहरु प्रमाणित प्रतिलिपी ।

४. सर्भेक्षण कार्य गर्ने सम्बन्धी कार्ययोजना ।

५. प्रयोगशाला क्षमता तथा परीक्षण कार्यविधिको विवरण ।

यो सूचना एवम् आवेदनपत्रको ढाँचा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाईट www.moald.gov.np मा राखिएको छ । बिस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखामा aims.moad@gmail.com मार्फत सम्पर्क राख्न सकिनेछ ।